# गोर्खाली सुधार सभा

**मासिक समाचार पत्र**

17 अप्रैल 1938

वर्ष -49 | अंक-12 | फरवरी 2020 मासिक पत्रिका | मूल्य ९/- | पृष्ठ 12




**उत्तर राज्य नाट्य संस्था द्वारा प्रस्तुति**
**नाटक**
**नमक सत्याग्रह-डांडी से खाराखेत, देहरादून**

**नाट्य संस्थाका कलाकार, निर्देशक तथा अध्यक्षहरूको साथमा गोर्खाली सुधार सभाका पदाधिकारीगण अनि समाजका दिग्गजमहानुभवहरू**

# सभाको गतिविधि



नाट्य संस्थाका अध्यक्ष श्री रोशन धस्मानालाई सम्मान गर्दै
ले.जन. राम प्रधान अनि श्री पदम थापा अध्यक्ष गोर्खाली सुधार सभा।



71वां गणतंत्र दिवस समारोह
उत्तराखण्ड राज्य द्वारा परेड ग्राउंडमा आयोजित कार्यक्रममा
गोर्खाली सुधार सभाको प्रस्तुति 'खुकुरी नृत्य'

17 अप्रैल 1938

**गोर्खाली सुधार सभा**

देहरादून

वर्ष -49, फरवरी 2020

सम्पादक
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री

विशेष सहयोग
श्रीमती प्रभा शाह

स्वामी/मुद्रक/प्रकाशक
अध्यक्ष
गोर्खाली सुधार सभा

मुख्य कार्यालय
गोर्खाली सुधार सभा
परमवीर चक्र मेजर धनसिंह थापा मार्ग
गढ़ी कैन्ट, देहरादून
फोन:0135-2756070
9897440879


वितरक
सभा शाखाध्यक्षहरू

डिजाइनिंग टाइप सेटिंग
अरूण कुमार गुरूंग
मार्डन कम्प्यूटर, चकराता रोड

प्रकाशन कार्यालय
भाष्कर प्रेस, कचहरी मार्ग
देहरादून, उत्तराखण्ड

नोट : पत्रिकामा प्रकाशित लेखहरूकोलागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून हुने छ।

## अध्यक्षको कलमबाट


श्री पदम सिंह थापा

मानव जातिको विकास स्वयंको विकास, प्रगति, आफ्नै हातमा छ। ईश्वरले सबैलाई विकासको समय र अवसर दिएकै हुन्छ तर हाम्रो प्रायः जस्तो 'भई हाल्छ', 'गरी दिउलाँ' भन्ने सोचले हामीले पाएको अवसरलाई हात बाट जान दिन्छौं। यसरि पाएको अवसरलाई गुमाए पछि असफलता नै पाइन्छ जसले निराशा अनि असहायताको बोध दिलाउँछ, बस भाग्यलाई या सिस्टम (प्रणाली) लाई दोष दिन्छौं। यस्तो सोंच, यस्तो प्रवृत्तिलाई समयमा नै बदलिए अवश्यै सफलताले कदम चुम्ने छ। मानवाजातिको स्वभावमा 'आलस्यको' भाव स्वभाविक रूपमा नै हुन्छ। यहि भावको कारण हामीले आएको र पाएको अवसरलाई प्रयोग गर्न सक्दैनौं, उपयोग गर्न सक्दैनौं। संत कबीर दासको वाणी 'कल करे सो आजकर, आज करे सो अब, पल में प्रलय होएगी, बहुरी करेगा कब ?' हामी सबैको सोच एउटै जस्तो हुन्छ 'आफ्नो काम त भइ हाल्छ, कहिले पनि गरि लिउँला'। तर यस्तै सोचले, उसको पाएको समय निस्की हाल्छ। समझदार अनि बुद्धिमानी व्यक्ति यो बातलाई बुझ्छन् र सदैव प्रगतिको पथमा चलेको हुन्छन्। यसर्थ अवसरलाई आफ्नो ज्ञान र बुद्धिमता सित प्रयोग गरेर स्वयंको विकास प्रति लाग्छन्, जसको कारण यो विकास उसको मात्र होइन, उसको आउनेवाला पिड़ीको र समाजको पनि विकास हुने छ। अवसरलाई उपयोग गर्न सिकौं। सफलतालाई चुम्न सिकौं, विकासले अवश्यै हामीलाई, हाम्रो पीड़ीलाई चुम्ने छ, हाम्रो समाजलाई चुम्ने छ।

## महामंत्रीको कलमबाट


श्री गोपाल क्षेत्री

समय अविरल छ, गतिशील छ, निर्विरोध छ, मूल्यवान छ, शक्तिशाली छ। सफलताको निम्ति समयको सदुपयोग, सकारात्मक सोंचको साथ सकारात्मक व्यवहार साथै यसको सकारात्मक सोचले मात्र सफलता पाउन सकिन्न। यसको साथ सकारात्मक उपयोगको आवश्यकता छ। समयलाई नियंत्रण राख्नुको निम्ति हामी स्वयं व्यवस्थित हुनु पर्छ। आउने वाला समयको तैयारी पहिले देखि हुनु पर्छ। भोलीको कामको तैयारी पहिले गरे, कामलाई निपटाउनु या सफल बनाउनु सक्षम हुन्छौं। यसर्थ हरेक 'योजना' हरू समयबद्ध भए काम पूर्ण हुन्छ, सफल हुन्छ, समयको बचत हुन्छ, समय नियंत्रित हुन्छ। हाम्रो समयको सदुपयोगमा केहि न सकारात्मक सोच र प्रयोगको परिवर्तन जरूरी छ। कुनै पनि क्षेत्रमा हामी पछि छैनौं र पनि अन्य समाज जस्तै विकसित र सुदृढ़ हुन सकेको छैनौं। समयलाई सदुपयोग गरौ, एक सुनौलो अवसर मानेर हाम्रो विकासको निम्ति, प्रगतिको निम्ति अनि सुदृढ़ताको निम्ति।

# सम्पादकीय

वर्ष 2020, दोस्रो महिनामा खुट्टा टेक्यौं। यस कार्यकारिणीको समयकाल पनि सिद्धिन लागि सकेको छ। यो तीन वर्षको लेखा जोखा त जनता  जनादर्नले लगाउने छन। अवश्यै यस कार्यकारिणीले आफ्नो अहिले सम्मको यात्रा, सक्षमता, अनि सकारात्मक रूपले बड़ाइ रहेको छ। आर्थिक सहयोग कहि बाट नपाउने यो 'संस्थाले' आफ्नै बलबुतामा समाजको उदार दानदाताहरु को उदारताले र पूर्वजहरुको सोचले श्रृष्टि गरिएका 'सम्पत्तिको' आयले हामीलाई अन्य समाज सामुन्ने झुक्नु परेको छैन। निःसन्देह यो कदम निरन्तर अघि बड़ी नै रहने छ। वर्षको प्रथम महिना सफल रह्यो ऐतिहासिक रहयो। विभिन्न समाज/उपजातिको वार्षिक समारोहको आयोजनले विभिन्न संस्कार, संस्कृतिको रीति तिथीको समाजमा जानकारी दिनु सफल रहेको छ। नानीहरु अनि युवाहरूको सहभागिता सबै भन्दा ठूलो उपलब्धि हो। आफ्नो भेषभूषा, संस्कृति प्रति अभिरूचि जागेको देख्दा हाम्रो समाज र समुदाय 'सुदृढ़ता' र दह्रिलो (मजबूत) भइ रहेको सन्देश पाइन्छ, यो अति खुशीको कुरा हो। यस महिनाको दिनांक 22 जनवरी 2020 अर्को गौरवान्वित गर्ने विषय हो 'रेडियो घाम छाया'। 2016 मा समाजको दिग्गज महानुभावहरूको प्रयास र सोंचले जन्मिभएको रेडियो 'घाम छाया' जाड़ो, घाम, हुरी, बतास, वर्षा सबैलाई झेल्दै दुःख र सुखलाई साथमा लाएर आज एक स्वतंत्र समुदायको स्वतंत्र आवाज भएर स्थापना हुन हाम्रो इतिहासमा एक अध्याय जोडिनु हो। आर्थिक विषमताले होतेत्साही पार्न नसकेको 'रेडियो घाम छायाको सफल नेतृत्व र सम्पूर्ण टीम बधाईको पात्र छन। शहीदले गौतम गुरूंग समुदाय रेडियो "रेडियो घाम छाया गोर्खालीको मायाले अवश्यै हाम्रो आवाजलाई बुलन्दीमा पुर्याउने छ। कामना राख्द छौ - घाम छायाको दीर्घायुको, सफलताको, अनि सक्षमता यसै दिनको अर्को ऐतिहासिक विषय हो वीर खडग बहादुर सिंह बिष्ट सिंहज्यूको जीवनी र भारतको स्वाधीनता संग्राममा उनको योगदानमा आधारित उत्तर नाट्य संस्थान द्वारा प्रस्तुत "नमक आन्दोलन - डांडी से खाराखेत, देहरादून" नाटकको मंचन। श्रीमती निवेदिता बौंठियाल सफल रंगकर्मी, निर्देशका, लेखिका, कलाकार (मुम्बई) द्वारा निर्देशित यस नाटकले ऐतिहासिक महत्वको जानकारी जनता सम्ममा पुराउन र अवगत गराउन सफल भएको छ। समाजको महानुभावहरू तथा दर्शकगणको उपस्थितिले अवश्यै उत्तराखण्डको योगदान 'भारतको स्वाधीनता संग्राम, प्रतिको जानकारी पाउन सफल रहेको छ। गोर्खाली सुधार सभा समुदाय बाट विश्वास तथा आशा राख्द छ, की यो ऐतिहासिक नाट्य मंचन बाट पाएको जानकारीले हामीलाई हाम्रो गौरवमय इतिहास प्रति जागरूक अनि सचेतना जगाई इतिहासलाई अमर राख्ने हाम्रो कदमलाई अवश्यै अटूट र निरन्तर साथ दिने छन। इतिहास छ  त जाती छ, इतिहास छ त अस्तित्व छ। •••

# अंतरंग सभाका प्रमुख विवरण (11 जनवरी, 2020)

**प्रमुख विवरण**

1. गत् महिनाको अंतरंग सभा गोर्खाली सुधार सभाको जनरल मानेकाशॉ सभागारमा दि. 11 जनवरी, 2020 मा विहान माननीय अध्यक्ष श्री पदम सिंह थापाज्यूको अध्यक्षतमा सम्पन्न भयो। अंतरंग सभाको प्रमुख विवरण यस प्रकारले छः-

क) स्वागत सम्बोधन – महामंत्री श्री गोपाल क्षेत्रीज्यूले उपस्थित पंचायत चुनावका नव निर्वाचित पदाधिकारीगण, सभाका शाखाध्यक्षहरू तथा उपस्थित सबै महानुभावहरूको सहर्ष अभिनन्दन जनाउनु भयो।

ख) दिवंगत प्रति श्रद्धांजलि – गत माहमा दिवंगत हुनु भएको आत्मा शांति निम्ति तथा शोकाकुल परिवारको आत्मवल बढ़ाउने तथा दुख सहनु निम्ति दुई मिनटको मैग्न प्रार्थना गरियो। दिवगंत हरूको सूची:-

| | | | |
|---|---|---|---|
| i) | श्री किशन बहादुर क्षेत्री | 22.11.2019 | जैन्तनवाला |
| ii) | श्रीमती मधु थापा | 09.12.2019 | गढ़ी |
| iii) | श्रीमती इन्द्रा माया | 11.12.2019 | जैन्तनवाला |
| iv) | श्री मन बहादुर थापा | 24.12.2019 | जैन्तनवाला |
| v) | श्रीमती देवमाया पुन | 25.12.2019 | बरोटीवाला |
| vi) | श्री अनुप कुमार थापा | 25.12.22019 | गढ़ी |
| vii) | श्रीमती इन्द्रा थापा | 26.12.2019 | भगवानपुर |
| viii) | श्री निशांत थापा | 27.12.2019 | जैन्तनवाला |
| ix) | श्रीमती दिलमाया गुरूंग | 29.12.2019 | मोहब्बेवाला |
| x) | श्री एंगला बहादुर खड़का | 01.01.2019 | नवादा |
| xi) | श्री श्याम राई | 05.01.2020 | जैन्तनवाला |
| xii) | श्रीमती नन्दा गुरूंग | 07.01.2020 | मोहब्बेवाला |
| xiii) | हवलदान सिबु ठकुरी | 15.02.2019 | चन्द्रबनी |

2) **सम्मान कार्यक्रम**-

क) उत्तराखण्डको त्रिस्तरीय पंचायत चुनावमा विजयी भयेका गोर्खा पदाधिकारीहरूको सम्मान निम्ति सबै आमंत्रित नवनिर्वाचित सदस्यहरूलाई अंतरंग सभाको मंचमा गोर्खाली सुधार सभाको पदाधिकारीहरूद्वारा खादा ओढ़ाएर सम्मान दिनु भयो।

ख) डॉ. गौरव गुप्ता एवं डॉ. सुशील तथा वहांका सबै टीमलाई खादा ओडाऐर सम्मान गरियो।

ग) पूर्व सैनिक प्रति सम्मान निमन्त्रण – रेडियो एफ.एम. 93.5 को तत्वाधानमा भई रहेको कार्यक्रम बारे आरजे आकृति थापाले सबै महानुभावहरूलाई आमंत्रित गर्नु भयो, कार्यक्रम पेसिफिक मॉल, राजपुर रोड, देहरादूनमा सम्पन्न हुने छ।

3) **निःशुल्क मेडिकल शिविर** – डॉ. गौरव गुप्ता क्लिनिक द्वारा निःशुल्क हड्डी तथा जोड़ रोग सम्बन्धी रोगहरूबारे सभामा पूर्ण जानकारी तथा जाँच गर्‍यो साथै फिजियोथैरेपी तथा रक्त व केल्शियम जांच पनि भयो।

4) **अंतरंग सभाका एजेन्डाहरू**-

क) शाखाहरू 2019 को ऑडिट र वर्षभरिको वार्षिक अधिवेशन बारे महामंत्रीज्यूले सम्भावित तिथि प्रारूप सुनाए अनुसार सभाले सम्पुष्टि गर्‍यो तथा सबै शाखाध्यक्षज्यूहरूले समयमा ऑडिट तथा ए.जी.एम. गराउने प्रतिबद्धता देखाउनु भयो।

ख) गणतंत्र दिवसको सहभागिता बारे प्रगति- महामंत्रीज्यूले गणतंत्र दिवस खुकरी नृत्य आयोजन समितिको जनाए अनुसार, गोर्खा मिलिट्री इन्टर कॉलेजका विद्यार्थीहरूले अभ्यास गरी रहेको तथा वहांहरूको ड्रेस तथा खुकरी कमती परेको व्यवस्था मिलाऐको प्रगति बारे

अवगत गराउनु भयो तथा सबै सदस्यहरूलाई गणतन्त्र परेडमा उपस्थित भई कलाकारहरूलाई प्रोत्साहन दिने भनी शाखाध्यक्षहरूलाई आव्हान गर्नु भयो।

ग) खेल स्पर्धा प्रगति बारे - अमर बहादुर गुरूंग स्मृति फुटबाल स्पर्धामा खेले अनुसार खिलाड़ीहरूलाई देहरादून फुटबाल लीगमा प खेल्न तैयारी गरी रहेका छौं। धेरै खिलाड़ीहरूलाई गोर्खा मिलिट्री इंटर कॉलेजमा अभ्यास गरनु पठाउँदै रहने भनी महामंत्री ज्यू शाखाध्यक्षहरूसित निवेदन राख्नु भयो तथा अंतरंग सभाले सम्पुष्टि गर्‍यो।

घ) स्वतंत्रता सेनानी खड़क बहादुर सिंह बिष्टको जीवनी नाट्य मंचन बारे छलफल तथा खर्चाको सम्पुष्टि - महामंत्रीज्यूले सभामा पू विवरणले पूर्वमा टाउनहॉलका मंचन भये अनुसार मंचन गर्ने तथा कलाकारहरूलाई प्रोत्साहन निम्ति थोड़ा आर्थिक सहायता पनि दिने भ अंतरंग सभाले सम्पुष्टि गर्‍यो तथा धेरै भन्दा धेरै संख्यामा उपस्थिति व्यवस्था गर्ने भनी उपस्थित महानुभावहरूले सहमति दिनु भयो।

5. **उपस्थित महानुभावहरूको सुझाव**-

श्री शमशेर थापाज्यू शाखाध्यक्ष जैन्तनवाला -

क) सभाले स्वच्छता अभियान चलाई रहन छ। यसै क्रममा हाम्रो धरोहर गोर्खा मिलिट्री इन्टर कॉलेज परिसरमा पनी यस प्रकारको सफा अभियान चलाउने प्रयास गरौं भनी सुझाव दिनु भयो।

ख) सेनामा भर्ती निम्ति पूर्व प्रशिक्षण चली रहेको छ, धेरै अभयर्थीहरूलाई यो ट्रेनिंग प्राप्त गर्ने प्रेरित गर्ने भनी अंतरंग सभामा निवेदन ग भयो।

6. **अन्य सूचनाहरू**-

क) महामंत्रीज्यूले पत्रिकाको प्रारूप राम्रो भयेको सबै सदस्यहरू बाट शुभ प्रतिक्रिया आयेको छ।

ख) गोर्खाली सुधार सभाको सबै शाखाहरूले छात्रवृत्ति फार्म जमा गर्नु होस कुने पनि प्रतिभाशाली विद्यार्थी छात्रवृत्तिले वंचित न गर्नु होल भनी अनुरोध गर्नु भयो।

ग) आजीवन सदस्यहरूको नवनी सदस्यता बनाउनेमा सबै शाखाध्यक्षहरूले प्रयास गरी रहेको छ यसै प्रकारले सहयोग गरी रहने।

घ) भर्ती पूर्ण प्रशिक्षणमा केन्द्रमा कुनै शुल्क लियेको छैनन्।

ङ) कुनै अन्जान व्यक्तिले भ्रांति पत्र सोडा वडासीको इन्टर कॉलेजका लेखेको खण्डन पत्र विद्यालय प्रशासनलाई दियेको छ तथा लोक सूचना कार्यालयलाई पनि पत्र पठायेको छ कि कुन संस्था रजिस्टर्ड र समुदायको यस्तो कार्यालयको पता गर्नु निम्ति RTC अधिकार को अन्तर्ग सूचना मांगेको छ भनी सभालाई महामंत्रीज्यूले सूचना दिनु भयो।

च) वीर खड़क बहादुर सिंह बिष्टको जीवनी नाट्य मंचनको लागि सबै संघ संस्थाहरूले सहयोग गर्ने भनि सहयोग गर्ने आश्वासन पनि दिनु भयेको छ।

7. अध्यक्षज्यू द्वारा सभामा उपस्थित सबै महानुभाव अनि शाखाध्यक्षहरूलाई नववर्षको शुभकामना साथै समाजको उज्जवल भविष्य तथ सम्पन्नताको लागी शुभकामना दिनु भयो तथा हामी सबैले समाजमा निरन्तर यसै प्रकारले प्रयास गर्दै रहने संकल्प लिने भननु भयो, अनि पू वर्षमा गरेको उपलब्धिहरूलाई कार्यकारिणीको सराहना गर्नु भयो वहांले गरेको लगन, परिश्रमले समाजमा विकासको संचार भयेको छ। वर्तमा परिवेशमा हाम्रो समुदायलाई अधि ल्याउनु तथा मार्ग दर्शन गरि अघि बढ़दै रहने भनी आवाहन गर्नु भयो। प्रशासनका सबै जानकारीहरू तथ विषय अनुसार प्राप्त गर्नु सम्बन्धित बैठक वर्कशापहरू भई रहेको छन। सभामा 'सूचना का अधिकार' लाई लिएर RTC पदाधिकारीहरू सि मिलेर संचालित भयेको थिए। यस प्रकारले अन्य विषयहरूलाई लिएर चर्चा-परिचर्चा भई रहयो भने समाजमा आफै जागृति आउँछ। स्वास्थ्य प्रति जागरूकताको लागि पनि स्वास्थ्य जाँच तथा सलाह कैम्प आयोजन भई रहेको छ। डॉ. गौरव गुप्ता (हड्डी रोग विशेषज्ञ)ले परामर्श दि भयो, आज भोली जोड़ सम्बन्धित रोग धेरै भई रहेको छन हामी सबै खान-पान, रहन-सहनमा सुधार गरि आफ्नो जीवन सहज बनादनु सक्षम छ भनी सुझाव दिनु भयो।

अन्तमा गोर्खाली सुधार सभाको अंतरंग सभामा उपस्थित सबै शाखाध्यक्ष, कार्यकारिणी अनि उपस्थित महानुभावहरूलाई सहयोग तथा सौहार्द्रपूर्ण वातावरण राख्नु निम्ति धन्यवाद टक्राउनु भयो साथै अध्यक्षज्यूले कर्नल भगवान सिंह क्षेत्रीज्यूको भोज आमंत्रणमा सम्मिलित हुने अनुरोध गर्नु भयो तथा सभाको समापनको घोषणा गर्नु भयो।

•••

अवगत गराउनु भयो तथा सबै सदस्यहरूलाई गणतन्त्र परेडमा उपस्थित भई कलाकारहरूलाई प्रोत्साहन दिने भनी शाखाध्यक्षहरूलाई आवाहन गर्नु भयो।

ग) खेल स्पर्धा प्रगति बारे – अमर बहादुर गुरूंग स्मृति फुटबाल स्पर्धामा खेले अनुसार खिलाड़ीहरूलाई देहरादून फुटबाल लीगमा पनि खेल्न तैयारी गरी रहेका छौं। धेरै खिलाड़ीहरूलाई गोर्खा मिलिट्री इंटर कॉलेजमा अभ्यास गरनु पठाउदै रहने भनी महामंत्री ज्यूले शाखाध्यक्षहरूसित निवेदन राख्नु भयो तथा अंतरंग सभाले सम्पुष्टि गर्‍यो।

घ) स्वतंत्रता सेनानी खड़क बहादुर सिंह बिष्टको जीवनी नाट्य मंचन बारे छलफल तथा खर्चाको सम्पुष्टि – महामंत्रीज्यूले सभामा पूर्ण विवरणले पूर्वमा टाउनहॉलका मंचन भये अनुसार मंचन गर्ने तथा कलाकारहरूलाई प्रोत्साहन निम्ति थोड़ा आर्थिक सहायता पनि दिने भनी अंतरंग सभाले सम्पुष्टि गर्‍यो तथा धेरै भन्दा धेरै संख्यामा उपस्थिति व्यवस्था गर्ने भनी उपस्थित महानुभावहरूले सहमति दिनु भयो।

5. **उपस्थित महानुभावहरूको सुझाव–**

श्री शमशेर थापाज्यू शाखाध्यक्ष जैन्तनवाला –

क) सभाले स्वच्छता अभियान चलाई रहन छ। यसै क्रममा हाम्रो धरोहर गोर्खा मिलिट्री इन्टर कॉलेज परिसरमा पनी यस प्रकारको सफाई अभियान चलाउने प्रयास गरौं भनी सुझाव दिनु भयो।

ख) सेनामा भर्ती निम्ति पूर्व प्रशिक्षण चली रहेको छ, धेरै अभयर्थीहरूलाई यो ट्रेनिंग प्राप्त गर्ने प्रेरित गर्ने भनी अंतरंग सभामा निवेदन गर्नु भयो।

6. **अन्य सूचनाहरू–**

क) महामंत्रीज्यूले पत्रिकाको प्रारूप राम्रो भयेको सबै सदस्यहरू बाट शुभ प्रतिक्रिया आयेको छ।

ख) गोर्खाली सुधार सभाको सबै शाखाहरूले छात्रवृत्ति फार्म जमा गर्नु होस कुने पनि प्रतिभाशाली विद्यार्थी छात्रवृत्तिले वंचित न गर्नु होला भनी अनुरोध गर्नु भयो।

ग) आजीवन सदस्यहरूको नवनी सदस्यता बनाउनेमा सबै शाखाध्यक्षहरूले प्रयास गरी रहेको छ यसै प्रकारले सहयोग गरी रहने।

घ) भर्ती पूर्ण प्रशिक्षणमा केन्द्रमा कुनै शुल्क लियेको छैनन्।

ङ) कुनै अन्जान व्यक्तिले भ्रांति पत्र सोडा वडासीको इन्टर कॉलेजका लेखेको खण्डन पत्र विद्यालय प्रशासनलाई दियेको छ तथा लोक सूचना कार्यालयलाई पनि पत्र पठायेको छ कि कुन संस्था रजिस्टर्ड र समुदायको यस्तो कार्यालयको पता गर्नु निम्ति RTC अधिकार को अन्तर्गत सूचना मांगेको छ भनी सभालाई महामंत्रीज्यूले सूचना दिनु भयो।

च) वीर खड़क बहादुर सिंह बिष्टको जीवनी नाट्य मंचनको लागि सबै संघ संस्थाहरूले सहयोग गर्ने भनि सहयोग गर्ने आश्वासन पनि दिनु भयेको छ।

7. अध्यक्षज्यू द्वारा सभामा उपस्थित सबै महानुभाव अनि शाखाध्यक्षहरूलाई नववर्षको शुभकामना साथै समाजको उज्जवल भविष्य तथा सम्पन्नताको लागी शुभकामना दिनु भयो तथा हामी सबैले समाजमा निरन्तर यसै प्रकारले प्रयास गर्दै रहने संकल्प लिने भनु भयो, अनि पूर्व वर्षमा गरेको उपलब्धिहरूलाई कार्यकारिणीको सराहना गर्नु भयो वहांले गरेको लगन, परिश्रमले समाजमा विकासको संचार भयेको छ। वर्तमान परिवेशमा हाम्रो समुदायलाई अधि ल्याउनु तथा मार्ग दर्शन गरि अघि बढ़दै रहने भनी आवाहन गर्नु भयो। प्रशासनका सबै जानकारीहरू तथा विषय अनुसार प्राप्त गर्नु सम्बन्धित बैठक वर्कशापहरू भई रहेको छन। सभामा 'सूचना का अधिकार' लाई लिएर RTC पदाधिकारीहरू सित मिलेर संचालित भयेको थिए। यस प्रकारले अन्य विषयहरूलाई लिएर चर्चा–परिचर्चा भई रहयो भने समाजमा आफै जागृति आउँछ। स्वास्थ्य प्रति जागरूकताको लागि पनि स्वास्थ्य जाँच तथा सलाह कैम्प आयोजन भई रहेको छ। डॉ. गौरव गुप्ता (हड्डी रोग विशेषज्ञ)ले परामर्श दिनु भयो, आज भोली जोड़ सम्बन्धित रोग धेरै भई रहेको छन हामी सबै खान–पान, रहन–सहनमा सुधार गरि आफ्नो जीवन सहज बनादनु सक्षम छौं भनी सुझाव दिनु भयो।

अन्तमा गोर्खाली सुधार सभाको अंतरंग सभामा उपस्थित सबै शाखाध्यक्ष, कार्यकारिणी अनि उपस्थित महानुभावहरूलाई सहयोग तथा सौहार्द्रपूर्ण वातावरण राख्नु निम्ति धन्यवाद टक्राउनु भयो साथै अध्यक्षज्यूले कर्नल भगवान सिंह क्षेत्रीज्यूको भोज आमंत्रणमा सम्मिलित हुने अनुरोध गर्नु भयो तथा सभाको समापनको घोषणा गर्नु भयो।

•••

## स्वतंत्रता संग्राम सेनानी

**ले० गोपाल सिंह राणा (आजाद हिन्द फौज)**

जनपद देहरादूनको किशनपुर निवासी गोपालसिंह राणा सन् 1942 ताका गोर्खा पल्टनमा हवलदार पदमा सेवारत थिए। दोस्रो विश्व युद्धमा मित्र सेनाका धेरै जस्ता गोर्खा पल्टनका सैनिकहरू जापानद्वारा युद्धबन्दी बनाइयो। जापानको युद्धबन्दी कैम्पमा नेताजी सुभाष चन्द्र बोसाको नेतृत्वमा आजाद हिन्द फौजको गठन हुंदा गोपालसिंह पनि आजाद हिन्द फौजमा शामील भए। गोपाल सिंहको शिक्षा, कार्यकुशलता, देशभक्ति र अन्य गुणहरूमा योग्य भएकोले गर्दा मलायामा अफिसर ट्रेनिंग कॉलेजमा प्रशिक्षण प्राप्त गरी आजाद हिन्द फौजमा सेकेण्ड लेफ्टिनेंटको पदमा कमीशन पाये।

गोपाल सिंह,आजाद हिन्द फौजमा अफसर भई बर्मामा विभिन्न ठाउँहरूको भ्रमण गर्दै रंगून स्थित ट्रेनिंग सेन्टरमा योगदान थियो। तर, समयको अंतरालमा मित्रसेनाको ताकतमा वृद्धि भएकोले र जापानी तथा आजाद हिन्द फौजको कोहिमा र आराकानमा राशन, गोला-बारूदको कमी पर्नु जानाले एवं मौसमको प्रतिकूल असरले सैनिकहरू अस्वस्थ भएकोले गर्दा गोपाल सिंह राणा धेरै सहयोगीहरू ब्रिटिशद्वारा युद्धबन्दी बनाई गयो। केही समय रंगून जेलमा कैदी जीवन व्यतीत गरी जिगरगच्छा युद्धबन्दी शिविरमा पठाइयो। युद्धबन्दी शिविरमा अनेक प्रकारको यातना दिंदै आजाद हिन्द फौज र जापान सेनाको युद्ध रणनीति बाबत सोध-पूछ गरियो। त्यो शिविरबाट उनीलाई लालकिला जेलमा सरूआ गरे। त्यहां पनि धेरै यातना साथ सोधपूछको सिलसिला जारी रह्यो। सैनिक अदालतद्वारा गोपालसिंहलाई अपराधी ठहराई मूलतान जेलमा पठाइयो। धेरै यातना पश्चात् अन्त्यमा ब्रिटिश शासनको विरूद्ध काम गरेको अपराधमा कोर्ट-मार्शल गरी अप्रैल 1946 मा रित्तो हात घर पठाइयो।

लेफ्टिनेंट गोपालसिंह राणाको लक्ष्य भारत मातालाई ब्रिटिश शासनको क्रूर पंजाबाट आजाद गराउन 15 अगस्त 1947 को दिन पूर्ण भयो। देश आजाद भएर इनी वीर सपूत स्वतंत्रता सेनानीहरूलाई भारत सरकारले उचित मान-सम्मान गर्दै स्वतंत्रता सेनानीको ताम्रपत्र र पेंशन व्यवस्था गरे। देश आजाद भए र पनि उनीले युवाहरूलाई देश भक्ति प्रति जागरूक गर्नु अनेक कार्य गरे र आफ्नो पूर्ण जीवन देश सेवा र समाज सेवामा समर्पित गरे। वहांको यो समर्पण र योगदान प्रति देश र हाम्रो जाति सदैव कृता रहने छ। वहां दिर्घायु सम्म आफ्नो कर्त्तव्य र समर्पणलाई यथावत राख्दै परलोक जानु भयो। ●●●

– ले. क. सी. बी. थापा

## बसी बियाँलो (लघु कथा)

फौजमा भर्ना भएर क्लर्कको जिम्मेदारी गर्दै नायक गोपाल पछिल्लो भारत-पाक युद्धमा गोलाबारीको चपेटमा आई आँखाको दृष्टिगंवाई मेडिकल बोर्ड आउट भई घरमा थन्कियेर बसेको छ। के गरूँ... के गरूँ? गर्दा एक दिन आफ्नो पुरानो टाईप राइटर निकाली एउटा लघु कथा लेख्ने चासो मिलाँउछ। टाईप राइटरमा कागज मिलाई पल्टनमा हुँदा साथीहरूको गफसफमा सुनेको एउटा घटनालाई आधार बनाई त्यों घटनाको वर्णन टाइप गर्न थाल छ।

"सन् 1962 को भारत-चीन युद्ध ताकाको कुरा...... सिपाही दिल बहादुर घरमा छोरा जन्मियेको खुशी मनाँउदै गरेको बेला पल्टनबाट री-कॉल लेटर पाई पल्टन वापस आयो। बिहे भएको तेस्रो वर्षमा छोरा जन्मिएको..... दिलबहादुरलाई बारम्बार आफ्नो छोरा र पत्नि पुष्पाको झलझली याद आई बसने। तीन वर्षमा दिलबहादुर ले आफ्नो पत्निको आनी-बानी राम्रो बुझेको.... मधुर प्रेम संबंध..... आफ्नोपन..... राम्रो व्यवहार.... गाँउका मान्छेहरूले 'कति राम्रो हाँसको जोड़ी भनी कुरा गर्थे।' तर.... भाग्यविधाताको खेल कसले बुझ्ने र? भारत-चीन युद्धमा दिलबहादुरको पल्टन डिफेन्समा.... चीनको गोलाबारी.... लगातार गोलाबारी पश्चात् पैदल सेनाको हमला..... डिफेन्स बाट फाईरिंग गरेको.. ... चीनको फौजहरू.... थपी-थपी हमलाको लागि आई बस्ने। एक समय यस्तो भयोकि दिलबहादुरको पल्टनलाई आफ्नो मौजुदा डिफेन्स बाट आर्को ठांउ जाने हुकुम भयो। रात पर्नु लाग्यो। एक-एक गरि सेक्शन..... प्लाटुन गर्दै कम्पनी आर्को ठाउं डिफेन्सको लागि गये। तेस्तो रातीमा पनि चीनको गोलाबारी एता-उता हुंदै थियो। जसो तसो रात बित्यो। बिहान हुंदा नयां डिफेन्समा कम्पनी कमान्डर सबै प्लाटुन, सेक्शनको निरिक्षण गर्दा थाहा लाग्यो। दिलबहादुर त नया डिफेन्समा पुगे छैन। सर्च पार्टीले खोज गर्दा नया डिफेन्सको नजीकै नालामा उसको मृत शरीर फैला पारयो। पल्टनले आफ्नो फौली विधिले दिलबहादुरको दाह-संस्कार गरि दुई जनालाई दिलबहादुरको माटो र लुगा-फाटा लियेर उसको घर पठाए। दुई-तीन दिनमा तिनीहरू दिलबहादुरको घर पुगे र सबै समानहरू घरवालालाई सौंपी दिये। पुष्पा एउटा कमरामा छोरालाई काखमा खेलाउँदै बसेकी, जसै आफ्नो पल्टनका दुई जना घर आयेछन भनि चाल पाई पुष्पा उत्सुकतावश बाहिर दलानमा आई। दुबै पल्टनेको उदासीन अनुहार, टाउको झुकाएको, केही न बोल्ने... त्यस्तो व्यवहार देखी पुष्पा पनि उदासमन भई, केही न केही दुःखद सूचना पाउने छाँट लाग्यो। हिम्मत गरि पुष्पाले सोधी- 'भाई, तिमीहरू के गर्नु आयेको र यो समानहरू कसको ल्याएको?' दुईजना बाट एउटाले हौसला गरि चीन साथ युद्ध हुँदा भएको घटनाक्रम, नयाँ डिफेन्समा गएको र दिलबहादुर साथ भएको दुःखद घटना बताई उसको माटो पुष्पाको हातमा राखी दियो। उता सासु-ससुरा हुंकार मार्दै रूवावास गर्नु थाले। तर.... पुष्पाले सिर उठाई भनी- 'मेरो पतिले सिमानामा देशको रक्षाको लागि आफ्नो ज्यान बलिदान गऱ्यो। म अति भाग्यशाली छु। मेरो काखमा उसको छोरा छ। जो ठूलो भयेर देश सुरक्षाको लागि आफुलाई समर्पित गर्नेछ। काश मेरो दुई-तिनौटा छोरा अझ हुने भा।'

यत्तिकैमा गोपाललाई च्या दिनु उसको पत्नि आई र गोपाललाई भनि- 'के गरेको यो पुरानो टाईप राइटरमा? कागजमा त केही छापीएको छैन! गोपाल झसंग भयो। शायद रीबन पुरानो भएको होला, बसी-बियाँलो गरेको भनी गोपालले उत्तर दियो। ●●●

– ले. क. सी. बी. थापा

## स्वस्थ सम्बन्धी

गुर्दा (किडनी) (नेपालीमा मृगौला)

हाम्रो शरीर भित्रको यौटा महत्वपूर्ण अंग हुन्छ गुर्दा। विश्व भरिमा मृत्यु को छेटौ कारण छ गुर्दा फेल हुनु। बुजुर्गहरु यस रोगको चेपारोमा धेरै पर्छन। डॉक्टरहरुको भनाई छ अब त युवा र नानीहरु पनि यस रोगले सताएका छ।

**(क) गुर्दाले शरीर भित्र के काम गर्छ :-**

- मान्छेले खाएर शरीर भित्र बेकार पदार्थ र तरल पदार्थको अति धेरै मात्रालाई शरीर बाट बाहिर गर्छ र रगत सफागर्छ।
- रोजै झण्डै 200 लीटर रगतको सफाई गर्नु र 2 लीटर सम्म मूत्र पैदा गर्छ।
- शरीरमा महत्वपूर्ण भूमिका निभाउने हार्मोन पैदा गर्छ।
- रगतमा धातु र लवणको मात्रा संतुलित गर्छ र रगतको दबावलाई नियंत्रणमा राख्नु।
- जीउ भित्र पानीको मात्रा संतुलित गर्छ, यसै कारण गुर्दा खराब हुनाले शरीर सुन्नीनु थाल्छ।

**(ख) लक्षण:**

- धेरै थकान र शरीर बेजान हुन लागेको महसूस हुन्छ।
- ध्यान घड़ी-घड़ी भटकी रहनु
- भूख कम लगनु/ निद्रा कम आउनु
- मांसपेशीमा खिंचाव र ऐंठन हुनु
- खुट्टा/एड़ीहरु सुन्नीनु
- छाला सुक्नु र चिलाउनु
- रातीमा घड़ी-घड़ी पिशाब आउनु
- सांस फूलने/छाती दुखने/ऊंचा रक्तचापले पिर्नु।

**(ग) कारण:**

- परिवारमा माता/पितालाई भएको
- उमर बढ़्दै जांदा/हृदय रोग हुंदा
- उच्च रक्तचाप, मधुमेह बढ़्दा
- मोटापा/धेरै धूमपानले/पेनकिलरको धेरै प्रयोग
- पधरी या गुर्दामा गांठे (ट्यूमर)
- उच्च स्तरमा कोलेस्ट्रोल रहनु
- गुर्दाको लगातार संक्रमण

**(घ) बचाव कसरी:**

- नियमित रूपमा व्यायाम गर्नु, शारीरिक रूपमा सक्रिया रहनु
- वजनलाई कन्ट्रोलमा राख्ने।
- रगतमा चिनी (शूगर) को मात्रालाई नियंत्रित राख्ने।
- सन्तुलित र पोषक तत्व भएको भोजन खाने।
- किडनी (गुर्दा) लाई हानि पुर्‍याउने हवाई/पेन किलर न खाने।
- अल्कोहल (महापान) को धेरै प्रयोग न गर्ने
- सिगरेट/बीड़ी/चुरोट न पीउने/तमाखु सुरतो प्रयोग न गर्ने।

नोट- लक्षण चिनेर रोग पकड़मा आउंछ। डॉक्टर सित तुरन्त सलाहली हालनु पर्छ। केस विग्रिंदा डायलेसिसले रक्त साफ गर्नु पर्छ जुन महंगो र घड़ी-घड़ी गरीने प्रक्रिया हुन जान्छ।

-श्री जे.बी. ठकुरी

"कविता"

## सुन्दर प्रकृति



प्रकृतिको प्रशंसा गर्नु मन संधै, उत्सुक हुन्छ देखेर,
पहाड़ी ठाऊँमा हरियोले, मन भरिन्दैन हेरेर
अघाऊदैन जति हेरेर पनि, हुन्छ मनमा यो आश,
भन्नु सक्दिन कसैलाई यो सुनसान ठांऊमा छु म किन उदास- ॥

पर्खि रहेको बहारमा, कोयली चरीले, गीत मधुर किन सुनाऊं छ,
फूलको वरी-परी घुम्दै, भंवराले पनि गीत किन गुन गुनाऊं छ,
चिसो-चिसो हवाको झोंकामा, फूलको सुगंध किन मगमगाऊंछ,
चारै तिर रंग-बिरंगी, फूलले सबैको, मनलाई किन लुभाऊं छ- ॥

यो मेरो मनमा, खेली रहेको कुराहरुले किन आई सताऊंछ,
जति कोशिष गरेता पनि, घरि-घरि किन आई गिजाऊँछ,
म चाहन्छु भाग्नु टाड़ा, तर हर पल किन आई जनाऊँछ,
चहाँन्न सुन्नु बितेको व्यथालाई, अब फेरि किन आई सुनाऊंछ- ॥

सोंच्दा-सोच्दैमा, यो अमूल्य जीवन, यसरी नै बित्दै गएको छ,
जसरी उदाएको घाम, पश्चिममा संधै, ढल्दै जाँदैछ,
यसरी नै हाम्रो जीवन पनि, प्रति दिन बित्दै जाँदैछ,
जसरी जल्थै गरेको दीया, विस्तारी-विस्तारी बुझ्दै जाँदैछ- ॥

**लेखक - श्री सी.बी. गुरूंग**

**ठाकरपुर (चाय-बगान) प्रेमनगर**

**देहरादून -248007 (उत्तराखण्ड)**

# अखिल भारतीय गोर्खा पूर्व सैनिक उज्जवल भविष्य कोष समिति

25 दिसम्बर 2019 उज्जवल भविष्य आफ्नो वार्षिक अधिवेशन गोर्खाली सुधार सभाको मानेक शॉ गृहमा आयोजन भयो। गत 14 वर्ष देखि यस संस्थाले गोर्खाहरुको ठूलो कमजोरी 'शिक्षाको अभाव' लाई केहि न केहि आर्थिक मदत पुर्‍याएर आर्थिक रूपले कमजोर परिवारको नानीहरूलाई उच्च शिक्षा हासिल गराउन सफल भएका छन्। वीरता हाम्रो गौरवमय इतिहास हो तर हामी केवल वीरताको परिधि भित्र मात्र सीमित नरहेर अन्य Profession को निम्ति जस्तै उच्च शिक्षा इन्जीनियर, डॉक्टर, वकील, वैज्ञानिक, व्यापार, प्रशासनिक सेवा इत्यादिमा Avenue दिलाए सफलको कदम बढ़ाउनु भएको उद्देश्य हो। हाम्रो देशको अन्य विकसित समाज तथा समुदाय जस्तै हामी पनि हाम्रो उपस्थिति हरेक क्षेत्रमा हुन सकोस। यो संस्था बाट पाइने मदत सबै वर्गका गोर्खाली सैनिक असनैकि जो अल्प आय (Low Income) समूह हरुको निम्ति छ। उच्च शिक्षा प्राप्त गरेर, प्रगतिको बाटो स्वयं लागेर आफ्नो परिवार समाज अनि जातिलाई अघि बढ़ाउने क्षमता यी अव्वल विद्यार्थी हरुमा आउन सकोस भन्ने दूरदर्शिता सित उज्जवल भविष्य कोषले अतुलनीय काम गरि रहेको छ।

यो 14 वर्षको यात्रामा जम्मा 141 युवा-युवती हरूलाई आर्थिक मदत पुन्याएर, सफलताको खुड़किलो चड़ाई सकेको छ, कोहि डॉक्टर, इन्जीनियर, वायुसेनामा फाइटर पायलट, वकील साथै शिक्षा क्षेत्रमा पी.एच.डी. गरि सम्मानित पद्मा सेवारत छन्। यस वर्ष 19 विद्यार्थीलाई वित्तीय योगदान दिए र उनीहरूको मनोबल बढ़ाई आर्थिक स्थितिको विषमता सित जुझनु सक्षम बनाएको छ। यस अवसरमा संस्थाको अध्यक्ष कर्नल बी.एस. खत्रीले सूर्यको किरण जस्तै हामी विश्वमा चम्किने कटिबद्धता बताउनु भयो। यस उपलक्षमा विद्यार्थी र उनीहरूको अभिभावक साथै समाजका गणमान्य महानुभावहरूको उपस्थितिले नानीहरूमा उत्साह र जोश भरिएको थियो। •••

**हाम्रो महान पर्व**

**होली को**

**उपलक्षमा**

**हार्दिक मंगलमय शुभकामना चढाउदेछ**


**अध्यक्ष**

**कार्यकारिणीगण**

**अनि**

**सम्पूर्ण शाखाध्यक्ष गोर्खाली सुधार सभा**

**देहरादून**



**अध्यक्ष तथा सम्पूर्ण पदाधिकारी**
**तथा सबै शाखाध्यक्ष**
**गोर्खाली सुधार सभा, देहरादून**
**सबै संघ, संगठन, संस्था अनि**
**उपजाति समाजलाई प्रति**
**गणतंत्र दिवस तथा नाट्य मंचनहरूलाई**
**सफल बनाउनुको निम्ति आफनो**
**सहयोग र समर्थनको लागि**
**हार्दिक कृतज्ञत चढ़ाउँदैं छ।**

# नाट्य मंचन : नमक आन्दोलन डांडी से खाराखेत देहरादून

1. गोर्खाली सुधार सभा अनि भारतीय गोर्खा परिसंघ, उत्तराखण्डको संयुक्त आयोजनमा उत्तर नाट्य संस्थाको तत्वधानमा नमक आन्दोलन डाँडी से खाराखेत नाटकको मंचन दिनांक 22 जनवरी 2020 समय सांय 4 बजे सभाको मानेक शॉ हलमा सफलता पूर्ण सम्पन्न भयो।

2. यस नाटकको निर्देशिका र लेखिका श्रीमती निवेदिता बौंठियाल हुनु हुन्छ जो एक प्रसिद्ध रंगकर्मी निर्देशक, फिल्म एवं टी.वी. कलाकार हुनु हुन्छिन् जो मुम्बईमा धेरै संस्थाहरू सित जोड़िएकी छिन।

3. गांधीज्यूको नेतृत्वमा नमक आन्दोलन, डांडी मार्चमा देहरादूनको युवा आन्दोनलकारीहरूको योगदान उल्लेखनीय छ जसमा देहरादूनको नेहरुग्राम जन्मिएको गोर्खा, वीर खड़क बहादुर सिंह बिष्टको नाम शीर्षमा छ। नुन नदीको किनारामा स्थित खाराखेत गांवमा नुन बनाएर नमक सत्याग्रह आन्दोलनमा सक्रिय भूमिका सित सन्दर्भित यो ऐतिहासिक नाट्य मंचनले निश्चय नै नमक आन्दोलनमा देहरादूनको सक्रिय सहयोगको जानकारी जनता सम्म पुर्याउनु सफल हुने छ। हाम्रो उपस्थितिले आन्दोलनकारीहरू प्रति एक आत्मयिक श्रद्धांजलि चडाउन सफल रह्यों साथै हाम्रो विभूतिको गौरवमय योगदानलाई स्मरण गरि उनलाई श्रद्धांजलिको साथ उनले रचेका वीरता र त्यागको इतिहासलाई अमर बनाउन सफल हुने छौं। उनि पेशाले वकील थिए तर अंग्रेज हुकुमतको घोर विरोधी थिए। नारीको सुरक्षा, सम्मान शिक्षा प्रति समर्पित थिए। नारीको उद्धार तथा बचाव, राज कुमारी हत्याकाण्ड (नेपाली मुलकी चेली) मा 08 वर्षको कठोर सजाय पाए तर उनको नरीत्व र सतित्वको रक्षामा उनले उठाएको कदमलाई पूरा देशवासीको समर्थनमा उठाएको आन्दोलनले अंग्रेज हुकुमत उनलाई दुई वर्षको कारावास पछि रिहाई गर्न बाध्य हुन पर्‍यो। त्यस पश्चात् उनि देशको स्वाधीनता संग्राममा लाग्छन। क्रान्तिकारी, देशभक्ति र आजादीको रंगमा डूबेको युवा नेताजी र गांधीज्यूको समीपमा रहेर अन्त सम्म देशको स्वाधीनताको निम्ति संघर्ष गरि रहे। यस मंचनले हाम्रो समाजमा हाम्रो गौरवमय इतिहासको जानकारी पुर्याउन र आफ्नो इतिहासलाई बचाउन एक भएर अघि बढ़ने छौं भन्ने विश्वास जागेको छ। समाजमा हाम्रो दिग्गज महानुभाव, मार्गदर्शक तथा अन्य समाजका शुभचिन्तकहरू तथा उपस्थित उपजाति, सभा, संगठनका महानुभावहरू प्रति अनि उत्तर नाट्य संस्था प्रति हार्दिक कृतज्ञता गोर्खाली सुधार सभा टक्राउँद छ। उनको रिहाईको उपलक्षमा कलकत्तामा सम्मान समारोहको आयोजन दिनांक 7 अप्रैल 1929 भएको थियो। देशभरिका दिग्गज नेताहरूको उपलक्षमा नेताजी सुभाष चन्द्रले भनेका थिए। ●●●

## केहि उद्‌गारहरू

".... खड़्ग बहादुर सिंह बिष्ट जो एक भारतीय स्वतंत्रता संग्राममा समर्पित निडर गोर्खा सिपाही थिये, उनले इतिहासमा अवश्यै स्थान पाउने छन्। केवल एउटा संयुक्त आवाजको जरूरत छ।

— गोर्खे मन

"............मातृत्वको रक्षा गर्नु जस्तो कठिन कामको लागि आफ्नो प्राण हथेलीमा राखेर आगोमा कूदने वाला अदस्य साहसी, भगिनीको चित्कार सुनेर सर्वत्र त्याग गर्ने वाला, तपोभूमि भारतको वक्षस्थल देखि से पतित नराधमको व्यभिचार लीला अनि गुण्डाशाहीको आतंकलाई निर्मूल गर्ने अभिप्राय:ले आफ्नो यौवनको समस्त अकांक्षा, उमंग अनि आकांक्षालाई बलिदान दिने वीर शिरोमणि खड़्ग बहादुर सिंह बिष्ट जस्तो शेर, साहसी नेता पाएर यो देश भारत आफैलाई भाग्यशाली मान्द छ।

नेताजी सुभाष चन्द्र बोस
7 अप्रैल 1929, कलकत्ता